बढ्नु यसका मुख्य कारक तत्व हुन् । कहाँ र कुन समयमा हिंसामा परिने हो भने डरबाट महिलाहरु बाँचिरहकोका छन् । यसरी असुरक्षित महशूश कहिले सम्म ? जब सम्म मानिस असुरक्षित महशूश गर्दछ तब सम्म आफ्नो व्यक्तित्व विकास गर्न कठिन हुन्छ । त्यसैले अब हामी सबै यस अभियानमा जुटौं र उठौं । हिंसा गर्ने र सहने, कानून विपरीत गर्ने, अपराधीलाई संरक्षण दिने हामी सबै जिम्मेवार छौं ।

लैगिंक हिंसा न्यूनीकरण कसरी ?

- सचेतना : महिला स्वयमा सचेतना हुन आवश्यक छ । महिला अधिकार भनेको के हो ? अधिकार का साथ साथै कतर्व्य पनि बुझ्न आवश्यक छ । यसमा सरोकारवाला सबैले परिणाममूखी कार्यकम तर्जुमा गरी हरेकको घर दैलोमा कार्यान्वयनमा ल्याउनु आवश्यक रहको छ ।
- पुरुषको सहयोग : एउटा रथको दुइवटा पांग्राले जसरी गुडन सहयोग गर्दछ त्यसैगरी समाजमा रहेको विकृति र विसंगति हटाउन महिला पुरुष दुबैको साथ सहयोग आवश्यक रहन्छ ।
- संचार : महिला हिंसा न्यूनीकारणमा संचारको विभिन्न माध्यमबाट समाचार दिइरहको हुन्छ त्यसैले प्रभावकारी संचारका लागि समन्वयात्मक भ्रमिक निर्वाह गर्नुपर्दछ ।
- महिलाहरुको एकीकृत संगठन : महिला अधिकार र सुरक्षाका लागि सकिय रुपमा काम गर्ने जस्तै विगतमा पारा लिगल समिति -(हाल लैगिंक हिंसा निगराणी समूह) जसले हिंसा सम्बन्धी सचेतना न्यायीक इकाइ सम्मको पहुँचका लागि महत्वपुर्ण भुमिका निर्वाह गर्दछ ।
- महिलका लागि महिला : कुनै महिलाको समस्या आफनै समस्या बुझेर अग्रसर हुने । एउटा महिलाको समस्या आम महिलको समस्या हो भनी एक्यवद्ध हुने । एकीकृत नभएमा घुमिफिरी सबैमा आइरहन्छ ।
- महिला हिंसा विरुद्ध कारवाही : महिला हिंसा गर्नेलाई कडा कारवाहीको व्यवस्था गर्ने र कानुनी कठघरामा उभ्याउने ।
- महिला अधिकार र स्वयं निर्णयको अधिकार : महिलाको हरेक तह र तप्कामा सहभागिता हुनु आवश्यक छ । हाम्रो समाजमा महिलाहरु स्वसंचालित छैनन मानसिक र शारीरीक रुपमा समेत स्वतन्त्र छैनन । जसको फलस्वरुप हिंसा सहन बाध्य छन् ।
- हिंसा प्रभावितका लागि स्थानीय स्तरमा लैगिंक हिंसा निवारण कोषको व्यवस्था : समुदायमा विपन्न तथा निमुखा वर्गका महिलाहरु हिंसाबाट प्रभावितहरुलाई न्यायमा पहुँचका लागि सम्बन्धित निकायसम्म पुग्न सहयोग हुनेछ । जसले महिलाहरुमा आँट र साहस थाती राख्न मद्दत मिल्नेछ ।
- हिंसा प्रभावितका लागि अल्पकालिन सूरक्षित आश्रय स्थलको व्यवस्था : प्रभावितलाई सम्बन्धित निकायसम्म सेवा पहुँचका लागि आश्रय स्थलले सहयोग मिल्ने भएको हुदा यसको व्यवस्था हुनु आवश्यक छ ।